

# बाहिर खानु

Espen Stranger-Johannessen

Aakanee

Anup Aryal

2

नेपाली ne



किपलाई चाउचाउ खान मन लाग्छ।



किपले आफ्नो एक साथीलाई बाहिर गएर केही खाम् भनी बोलाउँछ।



उनीहरू खाने ठाउँ खोज्छन्।

उनीहरूले चाउचाउ बेच्ने एउटा ठाउँ भेट्टाउँछन्।



किप र उसको साथीले एउटा खाली टेबल फेला पार्छन्।



उनीहरू बस्छन् र वेटरलाई बोलाउँछन्।



वेटर आउँछ। किपले चाउचाउ मँगाउछ।



उसको साथीले पनि चाउचाउ नै मँगाउछ।





उनीहरू दुवैलाई एक गिलास पानी दिइन्छ।

वेटरले खाना ल्याउँछ।



उनीहरूले चटनी र नुन थप्छन् र चाउचाउलाई चलाउछन्।



कीप र उसको साथीले चाउचाउ खान्छन्। चाउचाउ स्वादिष्ट छ।





उसले आफ्नो पानी पिउछ।

उनीहरूले पैसा तिर्छन्।



# LIDA Stories

lidastories.net

## बाहिर खानु


Espen Stranger-Johannessen
Aakanee
Anup Aryal


CC BY NC SA